# Samarpan Academy

Institute of Crisis Management Studies (ICMS)

A Tribhuvan University Affiliate

Dhumbarahi, Kathmandu

01-4008181 | info@tuicms.edu.np | www.tuicms.edu.np


मितिः २०८१/०८/२१

**विषयः छात्रवृत्ति तथा विशेष विषय अध्ययन बारे ।**

महोदय,

१. प्राकृतिक प्रकोपको दृष्टीमा नेपाल अति संवेदनशिल स्थानमा रहेको तथ्य, सर्वविदितै छ । विगतमा भूकम्पहरू, कोभिड-१९ र हालसालैको बाढि तथा पहिरोले अकल्पनिय क्षति हुन गएको तथा हामीलाई केहि पाठ पनि सिकाएको छ। यस प्रकारको संकटको घडिमा एकातर्फ स्थानिय सरकारको दायित्व र अर्को तर्फ नागरिकको स्थानिय सरकारसँगको अपेक्षामा वृद्धि हुन जान्छ । संकट तथा विपत् व्यवस्थापन सम्बन्धि ज्ञान भएको दक्ष जनशक्तिको अभावका कारण स्थानिय सरकारहरुले अपेक्षित नतिजा ल्याउन नसकेको भन्ने गुनासो बेलाबेलामा सुनिने गरेको पाइन्छ ।

२. नेपालको यस परिस्थितिलाई मध्यनजर राख्दै त्रिभुवन विश्वविद्यालयको कार्यक्रम अन्तर्गत यस Institute of Crisis Management Studies (ICMS) , समर्पण एकेडेमीले विगत १० वर्षदेखि Master's in Crisis Management Studies को २ वर्षे कक्षा संचालन गर्दै आइरहेको छ । नेपालमै र सम्भवतः दक्षिण एशियामै यस विषयको अध्ययन अध्यापन गराउने पहिलो र एक मात्र संस्था Institute of Crisis Management Studies (ICMS), समर्पण एकेडेमी रहेको छ । यस बारेको विस्तृत विवरण यस एकेडेमीको website www.tuicms.edu.np मा उपलब्ध छ ।

३. हालसम्म विभिन्न सुरक्षा निकाय, गैरसरकारी संस्था तथा अन्य सरोकारवाला निकायहरुसंग मात्र सहकार्य गरिरहेको, यस एकेडेमीले समाजमा बढ्दै गएको संकट, स्थानिय सरकारको बढ्दो दायित्व ,बढ्दो जनअपेक्षा र त्यसलाई सम्बोधन गर्न दक्ष जनशक्तिको अभावलाई मध्यनजर राख्दै यस वर्षदेखि स्थानिय सरकारहरुसँग पनि सहकार्य गर्ने निर्णय गरिएको छ ।

४. यस सन्दर्भमा हामीले तपाईको गाउंपालिकाको सिफारिस लिएर आउने जनप्रतिनिधि, कर्मचारी वा स्थानिय नागरिक मध्ये ३ (तीन) जनासम्म सहभागिहरुलाई छात्रवृत्ति कोटा उपलब्ध गराउने निर्णय गरेका छौ । यस कार्यक्रममा सहभागी हुनको लागि आवश्यक योग्यता, छात्रवृत्ति र भर्नाको मिति बारेको विस्तृत विवरण यसै पत्रसाथ 'परिशिष्ट क' मा संलग्न गरिएको व्यहोरा समेत जानकारी गराउँदछु ।

५. अन्य विस्तृत जानकारीको लागि यस एकेडेमीको सम्पर्क नंम्बरहरु ०१-४००८१८१ वा ९७६५९७२०८१ मा सम्पर्क राख्नुहुन समेत विनम्र अनुरोध गर्दै यहाँहरुको सहभागिताको लागि हार्दिक आभार व्यक्त गर्दछु।

(सनत कुमार बस्नेत)
अध्यक्ष
महानिरीक्षक,(अ.प्रा), सशस्त्र प्रहरी

**परिशिष्ट 'क'**

## १. योग्यता विवरणहरु

| S.N. | Program | Eligibility | Form Fill-Up Date | Entrance Exam Date& Time | Class Time |
|---|---|---|---|---|---|
| 1. | Master in Crisis Management | Bachelor's degree in any subject recognized by Tribhuvan University | 2081 Mangsir 1 to Poush 5 | 2081-10-03 (From 1:00 PM) | 5 – 8 (Evening) |

## २. पूर्ण शुल्क र छात्रवृत्ति विवरण

| S.N. | Name of the Program | Full fee | Scholarship fee |
|---|---|---|---|
| 1 | Master in Crisis Management | NPR 450,000 | NPR. 350,000 |

**नोट:**

१) प्रवेशीका परीक्षाको नतिजा अनुसार प्रथम दस छात्रहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिएको छ।